# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १) झापा, कोशी प्रदेश, नेपाल, ७ चैत्र २०८१ साल ( संख्या १

## भाग २

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

करारमा गाउँ/नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८१

हल्दीबारी गाउँपालिकाको कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# करारमा गाउँ/नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८१

**प्रस्तावना :**

सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न, विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनःस्थापना लगायत अनधिकृत निर्माण एवं सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम र नियन्त्रण गर्न प्रतिस्पर्धाको आधारमा करारमा गाउँ/नगर प्रहरीको नियुक्ति गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (क) मा व्यवस्था भएका कार्यहरुमा सहयोग पुऱ्याउनको लागि वाञ्छनीय भएकोले, हल्दीवारी गाउँपालिकाको प्रशासकीय ऐन (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो ऐन बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "करारमा गाउँ/नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन गाउँसभाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(१) **"अध्यक्ष"** भन्नाले हल्दीबारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(२) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(३) **"गाउँ/ नगर प्रहरी ऐन"** भन्नाले हल्दीबारी गाउँपालिकाको करारमा नगर/गाउँ प्रहरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धी ऐन,२०८१ सम्झनु पर्दछ ।

(४) **"कार्यालय"** भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

(५) **"गाउँ/ नगर प्रहरी"** भन्नाले ऐन बमोजिम करारमा नियुक्त भएका गाउँ/ नगर प्रहरीलाई सम्झनु पर्दछ र यसरी नियुक्त भएका प्रहरीलाई नगर प्रहरी भनिनेछ ।

(६) **"समिति"** भन्नाले दफा ६(२) बमोजिम पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(७) **"गाउँपालिका"** भन्नाले हल्दीबारी गाउँपालिकालाई बुझ्नु पर्दछ ।

(८) **"अख्तियारवाला"** भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत सम्झनु पर्दछ ।

परिच्छेद-२

## गाउँ/नगर प्रहरीको गठन, रेखदेख र नियन्त्रण

३. <u>गाउँ/नगर प्रहरी सेवाको गठन :-</u> (१) गाउँपालिकामा एक गाउँ/नगर प्रहरी सेवाको गठन गरिनेछ । गाउँ/नगर प्रहरी सेवाको गठन र त्यसमा नगर प्रहरीहरुको दफा ४ को (१) वमोजिमको पद रहने गरी तोकिएको संख्यामा हुनेछ ।

(२) उपदफा १ वमोजिम दरवन्दी कायम गर्दा हल्दीबारी गाउँपालिकामा हाल सुरक्षा गार्डको पदमा सेवा करारमा कार्यरतलाई यसै कार्यविधिवाट हल्दीबारी गाउँपालिकाको नगर प्रहरी सेवामा निर्णय भए बमोजिमको समायोजन गर्न बाधा पुग्ने छैन ।

४. गाउँ/<u>नगर प्रहरीमा रहने पदहरु :-</u> (१) गाउँ/नगर प्रहरी सेवामा दरवन्दी र पदहरु देहाय वमोजिमका रहनेछ-

(क) गाउँ/ नगर प्रहरी हवल्दार- तोकिएको संख्यामा

(ख) गाउँ/नगर प्रहरी जवान- तोकिएको संख्यामा

(२) प्रत्येक पदको कार्य विवरण बनाई लागु गर्न सक्नेछ र त्यसरी लागु भएको कार्य विवरणमा नगर प्रहरीको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्व समेत उल्लेख गरिनेछ ।

## परिच्छेद-३
## गाउँ/नगर प्रहरीको काम, कर्तव्य र अधिकार

<u>५. गाउँ/नगर प्रहरीको काम, कर्तव्य र अधिकारः</u> (१) गाउँ/नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

(१) गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई सलामी अर्पण गर्नु गाउँ/ नगर प्रहरीको कर्तव्य हुनेछ । यसका अलवा गाउँसभा, कार्यपालिका बैठक र वडादशैं साथै आवश्यक पर्ने चाडपर्व, दिवसमा झण्डात्तोलन एवं यसै बमोजिमको नियमको पूर्ण पालना गर्नु, गाउँपालिकाको नीति कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्नु गाउँ/ नगर प्रहरीको थप कर्तव्य हुनेछ ।

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(३) स्थानीय स्तरमा हुने सभा समारोह परम्परा तथा जात्रा चाडपर्वको सुरक्षाको व्यवस्था गर्ने ।

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(५) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने र सुरक्षा गर्ने ।

(६) सार्वजनिक ऐलानी र पर्ती जग्गा सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(७) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना कार्य गर्ने,

(८) अनधिकृत विज्ञापन तथा होडिङवोर्ड नियन्त्रण ।

(९) छाडा पशु चौपाया नियन्त्रण ।

(१०) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(११) सार्वजनिक आवागमनमा अवरोध पुर्‍याउने गरी सार्वजनिक सडक तथा बजार क्षेत्रमा राखिएका सामग्रीहरु तत्काल हटाउने व्यवस्था मिलाउने,

(१२) सार्वजनिक जग्गा, वाटो, पुल पुलेसा, मठ, मन्दिर, ढल, नाला, पाटी/पौवा, पोखरी, चौतारी, खोला/नाला मिचि घर कम्पाउण्ड टहरा वा त्यस्तो निर्माण कार्य गरेको सम्वन्धमा गाउँ कार्यपालिकाको निर्णयानुसार गर्ने,

(१३) गाउँपालिका क्षेत्रमा अनियमित रुपमा नक्सा पास नगरी बनाएका संरचनाहरु र नक्सा पास भएका संरचनाहरुको विषयमा प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन अनुसार गर्ने ।

(१४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने म्याद गुज्रेका वा गुणस्तरहिन खाद्य सामग्रीहरुको विक्रि वितरण गरेको पाईएमा त्यसको प्रतिवेदन कार्यालयमा पेश गर्ने र तोके बमोजिम गर्ने,

(१५) जनस्वास्थ्यलाई प्रतिकूल असर पर्ने स्थानमा पशुपन्छीजन्य वस्तुहरुको विक्रि वितरणमा रोक लगाउने र प्रचलित कानूनको प्रतिकूल हुने गरी पशुपन्छीको वद गरेमा तत्काल कारवाहीको लागि कार्यालयमा पेश गर्ने ।

(१६) गाउँपालिका क्षेत्रभित्र रहेका भुस्याहा कुकुरको नियन्त्रण र मृत्यु भएका जीव व्यवस्थापन गर्ने,

(१७) गाउँपालिका क्षेत्रभित्र रहेका खतरा अवस्थामा रहेका घर, पसल, टहराहरुको व्यवस्थापन र रुख विरुवा कटान गर्नको लागि कार्यालयमा सिफारिस गर्ने,

(१८) वडा समिति, टोल विकास संस्था तथा स्थानीय प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति विरुद्ध जनचेतनामुलक कार्यक्रम संचालन गर्ने,

(१९) नियमानुसार दर्ता नभई सन्चालनमा रहेका व्यापार व्यवसायको दर्ता तथा नवीकरण गरे, नगरेको अनुगमन गरी दर्ता तथा नवीकरण गर्न लगाउने,

(२०) गाउँपालिकाभित्र प्रचलित कानुन वा गाउँपालिकाको अनुमति विना राखिएका व्यानर, विज्ञापन, होडिङ बोर्ड, पोस्टर लेखन लगायतका सामग्री हटाउने ।

(२१) कार्यालयको आयोजनामा हुने सभा, सम्मेलन, तालिम लगायतमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने,

(२२) गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका उद्योग, व्यापार तथा व्यवसायीहरुले प्रचलित कानुन बमोजिम मूल्यसूची राखे नराखेको सम्बन्धमा अनुगमन गरी कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

(२३) गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका होटल, रेष्टुरेण्ट गेष्ट हाउस, पार्लर लगायतका व्यवसाय प्रचलित कानुनले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन गरी कानुन विपरित संञ्चालनमा रहेको पाईए कारवाहिको लागि कार्यालयमा सिफारिस गर्ने ।

(२४) गाउँपालिकाभित्र रहेका सार्वजनिक तथा नीजि स्थानना जुवा, तास खेल्ने र मदिराजन्य पदार्थको विक्रि वितरणमा निर्णयानुसार नियन्त्रण र व्यवस्थापन कार्यमा सहयोग गर्ने ।

(२५) सार्वजनिक स्थल लगायतका क्षेत्रहरुमा वाधा पुग्ने गरी लाउडस्पिकर, रेडियो लगायतका ध्वनी प्रदुषण कार्यलाई नियन्त्रण गर्ने ।

(२६) कार्यालय मातहत योजना, कार्यक्रम सञ्चालनमा सहयोग गर्ने सो योजना तथा कार्यक्रम अन्तर्गत तोकिए वमोजिमका कार्यहरु गर्ने गराउने ।

(२७) कार्यालयले तोके बमोजिमको तालिममा भाग लिनु पर्नेछ ।

(२८) गाउँ/ नगर प्रहरी प्रमुखले अन्य प्रहरीलाई दैनिक गराउने सामान्य शारीरिक व्यायाममा भाग लिनु पर्दछ

(२९) अन्य गाउँ/नगर प्रहरीको अनुशासन र ड्युटि व्यवस्थापन गर्नु गाउँ/ नगर प्रहरी प्रमुखको जिम्मेवारी हुनेछ । यसरी अनुशासन र ड्युटि व्यवस्थापनका लागि गाउँ/ नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गर्नु पर्नेछ ।

(३०) गाउँ/नगर प्रहरीलाई कार्यालयले अन्य विशिष्टिकृत काममा खटाउन सक्नेछ ।

(३१)   गाउँ कार्यपालिकाको कार्यालयबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

(३२)   प्रमुख प्रशासकीय अधिकृतबाट भएको निर्देशन वमोजिमको सम्पूर्ण कार्यहरु गर्ने ।

(३)   गाउँ/नगर प्रहरीको कार्य विवरण तयार गर्दा दफा ५ को उपदफा (१) मा उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई आधार मानी तयार गरिनेछ ।

(ख) गाउँ/ नगर प्रहरी हवल्दारले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही गाउँ/ नगर प्रहरी जवानहरुलाई आदेश बमोजिम खटन-पटनमा नेतृत्व र सहयोग गर्नु, गाउँपालिकाको आदेशहरु कार्यान्वयन गर्नका अलावा दफा ५ मा उल्लिखित काम कर्तव्य अधिकारहरु तथा तोकिए बमोजिमका आचरण पालना गर्नुपर्नेछ भने गाउँ/नगर प्रहरी जवानहरुले गाउँ/ नगर प्रहरी हवल्दार वा तोकिएको प्रहरी प्रतिनिधिको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलावा दफा ५ मा उल्लिखित काम कर्तव्य र अधिकारहरु तथा तोकिए बमोजिमको आचरणहरु पालना गर्नुपर्नेछ ।

## परिच्छेद -४
## पदपूर्ति र योग्यता

६.   **पदपूर्ति गर्ने तरिका :** पद र संख्या यकिन गर्न कार्यपालिकाको निर्णय गरिनेछ र गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ। यसरी निर्णय भए पश्चात गाउँ/नगर प्रहरी करारमा राख्ने प्रयोजनका लागि देहाय बमोजिमका तरिकाबाट छनौट गरिनेछ :

(१)   गाउँ/नगर प्रहरीको छनौट खुल्ला प्रतियोगिताद्धारा हुनेछ।

(२)   गाउँ/नगर प्रहरीको पदपुर्तिका लागि देहाय बमोजिमका एक पदपूर्ती समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) | जिल्ला प्रहरी/स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि (संयोजकले तोकेको) | सदस्य |
| (ग) | संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य सचिव |

(३)   पदपूर्ती गर्दा परीक्षाको माध्यम देहाय बमोजिम हुनेछ।

(क) **शारीरिक परीक्षण :** शारीरिक परीक्षणको लागि कुनै अंक प्रदान गरिने छैन तर आधारहरु सबैमा भने उत्तीर्ण भएको हुनुपर्छ। देहाय बमोजिम शारीरिक परिक्षण उत्तीर्ण गरे पश्चात **(अंक भार अनुसुची १ मा रहेको)** मात्र देहाय बमोजिम मूल्यांकन गरी उम्मेदवारहरुलाई लिखित परीक्षामा समावेश गरिने छ।

| **इभेन्टस्** | **२०० मि. दौड** | **सिट अप** | **पुस अप** | **चिन अप** | **१.६ कि.मि दौड (१ माइल)** | **जम्मा अंक** |
|---|---|---|---|---|---|---|
| **पूर्णाङ्क** | **३०** | **१०** | **१०** | **१०** | **४०** | **१००** |
| **उत्तिर्णाङ्क** | **१२** | **४** | **४** | **४** | **१६** | **४०** |

(अ)   हल्दीवारी गाउँपालिकाको बासिन्दा भएमा १० (दश) अंक, हल्दीबारी गा पा बाहेक झापा जिल्लाको बासिन्दा भएमा ९ अंक र अन्य जिल्लाको भएमा ८ अंक प्रदान गरिनेछ।

(ख) **लिखित परिक्षा** : लिखित परीक्षाको लागि पदपूर्ती समितिले ३० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नु पर्नेछ। पाठ्यक्रम तोकिए बमोजिम हुनेछ ।

(ग) **अन्तरवार्ता** : अन्तरवार्ताको लागि पूर्णाङ्क २० रहनेछ । यस अनुसार अंक प्रदान गर्दा न्युनतम ८ र अधिकतम १४ अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(४) समितिले आवश्यकता पर्ने भए सम्बन्धित विषयविज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) पदपूर्ती समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- पाठ्यकम निर्धारण,
- विज्ञापन प्रकाशन,
- प्रश्नपत्र निर्माण,
- परिक्षा सञ्चालन तथा नतिजा प्रकाशन
- नियुक्तिका लागि प्र.प्र.अ समक्ष सिफारिस
- अन्य आवश्यक काम गर्ने ।

**७. योग्यता**

**क. गाउँ/नगर प्रहरी हवल्दारको योग्यता**

- नेपाली नागरिक भएको,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको । नेपाली सेना, नेपाल प्रहरी वा शसस्त्र प्रहरीको समान पदबाट सेवा निवृत भएको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ । तर जागिर छाडेको वा हटाइएको हकमा भने लागु हुने छैन ।
- उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको तथा नेपाली सेना, नेपाल प्रहरी वा शसस्त्र प्रहरीबाट अवकाश भएकाको हकमा ४० वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,(प्रहरी चारित्रिक प्रमाणपत्र)
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र भएको,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कम्जोर नभएको ।

**ख. गाउँ/नगर प्रहरी जवानको योग्यता**

- नेपाली नागरिक भएको,
- साधारण लेख पढ गरेको,
- उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको तथा नेपाली सेना, नेपाल प्रहरी वा शसस्त्र प्रहरीबाट अवकाश भएकाको हकमा ४० वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको, (प्रहरी चारित्रिक प्रमाणपत्र)
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र भएको,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कम्जोर नभएको ।

परिच्छेद -५

विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था

८. **विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था** : गाउँपालिकाले आफ्नो कार्यविधि वा कार्यालयको निर्णय बमोजिम विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था मिलाउने छ। खुला प्रतियोगिताको लागि महिला र पुरुष पदका लागि तोकिए बमोजिमको संख्यामा विज्ञापन गरिनेछ।

परिच्छेद-६

## नियुक्ति,नियन्त्रण र करार सम्बन्धी व्यवस्था

९. नियुक्ति गर्ने अधिकारी :- पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गाउँ/नगरप्रहरीको नियुक्ति गर्नु पर्नेछ । गाउँ/नगर प्रहरी प्रमुखको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँ/ नगर प्रहरी कर्मचारीको हुनेछ ।

१०. प्रशासनको नियन्त्रणमा रहने :- (१) गाउँ/नगरप्रहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीको प्रत्यक्ष नियन्त्रणमा रहनेछन् ।

(२) गाउँ/नगर प्रहरीको अनुशासन र खटनपटन सम्बन्धी कार्य प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा गाउँ/नगर प्रहरी प्रमुखले गर्नेछन् ।

११. करार गर्ने :

(१) प्रचलित ऐन तथा गाउँपालिकाले आफ्नो कार्यविधि वा कार्यालयको निर्णय बमोजिम करार सम्बन्धी व्यवस्था मिलाउने छ।

(१२) कार्य शर्त, पारिश्रमिक र अवधि :

(१) करार सम्झौता बमोजिम पारिश्रमिक तथा अवधि तोकिनेछ।

परिच्छेद - ७

### आचरण तथा सजाय सम्बन्धी व्यवस्था

१३. गाउँ/नगर प्रहरीको आचरण: गाउँ/नगरप्रहरीहरुले देहाय बमोजिम आचरण पालना गर्नुपर्नेछ :-

१. गाउँ/नगरप्रहरी नेपाल सरकारबाट निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनुपर्नेछ र विदा स्वीकृत नलिई काममा अनुपस्थित हुन नहुने ।
२. आफू भन्दा माथिको अधिकृतले दिएको आदेश पालना गर्नुपर्ने र उचित आदर देखाउनु पर्नेछ ।
३. कुनै पनि गाउँ/नगरप्रहरीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने उद्देश्यले अन्य कुनै राजनितिक वा अवाञ्छनिय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन । निर्वाचनमा कुनै पनि राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई चन्दा दिन वा राजनीतिक दलका लागि मत माग्न वा राजनीतिक संस्था वा

आन्दोलनलाई सहयोग गर्न वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन । तर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्ने छैन ।

४. कुनै गाउँ/नगरप्रहरीले आफ्नो जिम्मामा रहेको वा आफूले कुनै तरिकाबाट प्राप्त गरेको सरकारी गोप्य कागजात, लिखत वा जानकारी कुनै अनधिकृत व्यक्ति वा निकाय वा प्रेसलाई उपलब्ध गराउनु हुँदैन र गाउँपालिकालाई खलल पुग्ने गरी वा गाउँपालिकाको विरुद्ध कुनै भाषण, सवाद वा लेख रचना सामाजिक सञ्जाल वा कहिँ कतै प्रकाशन गर्न पाइने छैन । तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

५. गाउँ/नगरप्रहरीले कसैलाई पनि यातना दिनु हुदैन ।

६. नगर/ गाउँ प्रहरीले कोही कसैबाट कमिसन, रिसवत लिनु हुँदैन ।

७. नगर/ गाउँ प्रहरीले आफ्नो ड्यूटि अवधिमा तोकिए बमोजिमको पोशाक अनिवार्य लगाउनु पर्नेछ

८. गाउँ/ नगर प्रहरीले आफ्नो पोशाक सफा र मर्यादित रुपमा लगाउनु पर्नेछ ।

९. गाउँ/नगरप्रहरीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नुपर्नेछ ।

१०. आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नुपर्ने प्रत्येक गाउँ/नगरप्रहरीले आफ्नो सेवा पद अनुसारको आचरण पालन गर्नुपर्नेछ ।

११. कार्यालयको पूर्वस्वीकृती नलिई कुनै किसिमको व्यापार व्यवसाय गर्नु हुँदैन,

१२. ड्युटिमा खटिएको समयमा पान, गुटखा, सुर्तिजन्य पदार्थ वा मध्यपान वा धुम्रपान गर्नु हुँदैन

१३. कार्यालयले तोके बमोजिम नियमानुसार सम्पत्ति विवरण पेश गर्नु पर्नेछ

१४. कार्य सम्पादनको सिलसिलामा कसैलाई कुनै अनुचित प्रभावमा पार्न र कसैको कुनै अनुचित प्रभावमा पर्न हुँदैन

१५. नगर प्रहरी व्यवहारिक एवं प्रचलित कानून बमोजिम लैगिंक संवेदनशील हुनु पर्नेछ ।

१६. आफुलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता, इमान्दारिपूर्वक र निर्भिकतापूर्वक बहन गर्नु पर्दछ ।

१४. **सजायः** गाउँ/नगरप्रहरीलाई अख्तियारवालाले देहायको सजाय गर्न सक्नेछ ।

**(१) सामान्य सजाय**

(क) नसिहत दिने – गाउँ/नगरप्रहरीले काममा लापरवाही गरेमा वा आचरण पालना नगरेमा वा तोके बमोजिमको कार्य नगरेमा मौखिक वा लिखित नसिहत दिन सकिनेछ । लिखित नसिहतको अभिलेख कार्यालयले अद्यावधिक गरी राख्नेछ ।

**(२) करार समाप्त हुने अवस्था** : देहायको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै गाउँ/नगरप्रहरी कर्मचारीलाई करार समाप्त गरी सेवाबाट वर्खास्त वा अलग गर्न सक्नेछ ।

(क) राजनीतिमा भाग लिएमा वा राजनीतिक दलको सदस्यता लिएमा वा निर्वाचनमा उम्मेदवार भएमा

(ख) बिदा स्वीकृत नगराई वा विना जानकारी ड्युटिमा अनुपस्थित भएमा

(ग) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा

(घ) आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा

(ङ) पटक पटक अनुशासनहिन काम गरेमा

(च) भ्रष्टचार गरेको ठहर भएमा

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा

(ज) अख्तियारवालाले सुम्पेको जिम्मेवारी बदनियत पूर्वक पन्छाएको वा सम्पादन गर्न आलटाल गरेको वा बदनियत पूर्वक सम्पादन गरेमा

(झ) अख्तियारवालाले गाउँ/नगरप्रहरीले आफ्नो काम कर्तव्य वा आचरण सम्बन्धी विषय विपरित गरेको कारण माग गरेको स्पष्टीकरण तोकिएको समयमा पेश नगरेमा वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा

(ञ) गाउँ/नगरप्रहरीले आफ्नो ड्युटि समयमा मादक पदार्थ वा लागु औषध प्रयोग गरेमा

(ट) नगर/ गाउँ प्रहरीले कुनै कर्मचारी माथि हातपात वा असभ्य व्यवहार गरेमा

(ठ) तीन पटक भन्दा बढी लिखित नसिहत पाएमा

(ड) कुनै कारणले गाउँपालिकाले गाउँ/नगर प्रहरी संख्या कटौती गर्ने निर्णय भएमा तोके बमोजिम करार भंग/समाप्त गर्न सकिने

(३) **सजाय दिने अधिकारी**– देहायको नगर प्रहरीलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछ ।

(क) गाउँ/ नगर प्रहरी प्रमुख तथा अन्य गाउँ/ नगर प्रहरीको हकमा प्रमुख प्रशासकीय अधिकृत

(ख) अन्य गाउँ/नगर प्रहरीहरुको कार्य सम्पादन सन्तोषजनक नभएको सम्बन्धमा गाउँ/ नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउन सक्नेछ र सो सम्बन्धमा आवश्यक ठहरे प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै बखत कारबाही गर्न सक्नेछ ।

परिच्छेद ८

## विविध

१५. **गाउँ/नगर प्रहरीको सेवा र सुविधाः** गाउँ/नगर प्रहरीको चाडपर्व खर्च, पोशाक खर्च लगायत अन्य सेवा र सुविधाका विषयमा गाउँ कार्यपालिकाले बेला बेलामा निर्णय गरी तोके बमोजिम हुनेछ ।

१६. **विदाः** गाउँ/नगर प्रहरीको बिदा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१७. **पोशाकः** गाउँ/नगर प्रहरीको डिउटी समयमा लगाउने पोशाक अनुसुची-२ बमोजिम हुनेछ । डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य रुपमा लगाउनु गाउँ/ नगर प्रहरीको कर्तव्य हुनेछ ।

१८. **डिउटी अवधिः** गाउँ/नगर प्रहरीको डिउटी अवधि कार्यालयले तोकिदिएको सिफ्ट बमोजिम हुनेछ । प्रत्येक गाउँ/नर प्रहरीको तालिका बमोजिम दैनिक रुपमा रात्री तथा दिउँसोको समयमा डिउटी समय मिलाइनेछ । यसका साथै गाउँ/नगर प्रहरीहरु चौबिस घण्टा गाउँ कार्यपालिकाको कार्यालयको अधिनमा रहेन छन् र जुनसुकै समयमा पनि कामकाजमा लगाउन सकिनेछ ।

१९. **व्याख्या, खारेजी वा बचाउ गर्ने अधिकारः** यस अघि नियुक्त भएका यस्तै प्रकृतिका पदहरु यसै अनुरुप भएको मानिनेछ । ऐन कार्यान्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नु परेमा त्यस्तो अधिकार गाउँसभालाई रहनेछ ।

२०. **अमान्य हुनेः** यस ऐनमा लेखिएका कुराहरु संघीय वा प्रादेशिक वा हल्दीबारी गाउँपालिकाको स्थानीय कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछन् । तर गाउँसभाको नियम बमोजिम भएका यस्तै प्रकृतिका कार्यहरु कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

हल्दीबारी राजपत्र

अनुसूची-१

(दफा ६ सँग सम्बन्धित )

# हल्दीवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा

कोशी प्रदेश, नेपाल

## गाउँ/ नगर प्रहरी करारमा लिने सम्बन्धी शारीरिक तन्दुरुस्ती परीक्षाको अंकभार

### १. २०० मिटर दौड

| क्र स | पुरुषको लागि समयावधि | पुरष/महिला अंक- ३० | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | ४० सेकेण्ड वा सो भन्दा कम | ३० | ६० सेकेण्ड वा सो भन्दा कम |
| २ | ४० सेकेण्ड सम्म | २६ | ६० सेकेण्ड सम्म |
| ३ | ४२ सेकेण्ड सम्म | २४ | ३२ सेकेण्ड सम्म |
| ४ | ४४ सेकेण्ड सम्म | २० | ६४ सेकेण्ड सम्म |
| ५ | ४६ सेकेण्ड सम्म | १६ | ६६ सेकेण्ड सम्म |
| ६ | ४८ सेकेण्ड सम्म | १४ | ६८ सेकेण्ड सम्म |
| ७ | ५० सेकेण्ड भित्र सम्म | १२ | ६८ सेकेण्ड भित्र सम्म |
| ८ | ५० सेकेण्ड भन्दा बढी | अनुत्तीर्ण | ७० सेकेण्ड भन्दा बढी |

### २. सिट अप

| क्र स | पुरुषको लागि पटक | पुरुष / महिला अंक १० | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | १५ पटक वा सो भन्दा माथि | १० | १५ पटक वा सो भन्दा माथि |
| २ | ११ पटक सम्म | ८ | ७ पटक सम्म |
| ३ | ८ पटक सम्म | ६ | ५ पटक सम्म |
| ४ | ६ पटक सम्म | ४ | ३ पटक सम्म |
| ५ | ६ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ३ पटक सम्म पनि गर्न नसक्ने |

## ३. पुस  अप

| क्र स | पुरुषको लागि पटक | पुरुष / महिला अंक १० | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १० | १४ पटक वा सो भन्दा माथि |
| २ | १७ पटक सम्म | ८ | ११ पटक सम्म |
| ३ | १४ पटक सम्म | ६ | ८ पटक सम्म |
| ४ | १० पटक सम्म | ४ | ४ पटक सम्म |
| ५ | १०  पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ४ पटक सम्म पनि गर्न नसक्ने |

## ४. चिन अप

| क्र स | पुरुषको लागि पटक | पुरुष / महिला अंक १० | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १० | १४ पटक वा सो भन्दा माथि |
| २ | १७ पटक सम्म | ८ | ११ पटक सम्म |
| ३ | १४ पटक सम्म | ६ | ८ पटक सम्म |
| ४ | १० पटक सम्म | ४ | ४ पटक सम्म |
| ५ | १०  पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ४ पटक सम्म पनि गर्न नसक्ने |

## ५. १.६ कि.मि. (१ माइल) दौड

| क्र स | पुरुषको लागि समयावधि | पुरष/महिला अंक- ३० | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | ५ मिनेट वा सो भन्दा कम | ४० | ९ मिनेट वा सो भन्दा कम |
| २ | ६ मिनेट सम्म | ३६ | १० मिनेट सम्म |
| ३ | ७ मिनेट सम्म | ३० | ११ मिनेट सम्म |
| ६ | ९ मिनेट सम्म | २५ | १३ मिनेट सम्म |
| ७ | १० मिनेट भित्र सम्म | १६ | १५ मिनेट भित्र सम्म |
| ८ | १० मिनेट भन्दा बढी | अनुत्तीर्ण | १५ मिनेट भन्दा बढी |

अनुसूची-२

(दफा १७ सँग सम्बन्धित पोशाक विवरण)

# हल्दीवारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा

कोशी प्रदेश, नेपाल

| क्र.सं. | विवरण | रङ | संख्या | खपत अवधि |
|---|---|---|---|---|
| १. | टेरिकटन सर्ट र पाइन्ट | तोके बमोजिम | १ | १ वर्ष |
| २. | ब्यारेट क्याप | तोके बमोजिम | १ | २ वर्ष |
| ३. | सिठ्ठी र सिठ्ठी कर्ड | तोके बमोजिम | १ | १ वर्ष |
| ४. | बेभ बेल्ट | तोके बमोजिम | १ | २ वर्ष |
| ५. | बुट | तोके बमोजिम | १ जोर | २ वर्ष |
| ६. | कुम ब्याज | तोके बमोजिम | १ जोर | ५ वर्ष |
| ७. | टोपी ब्याज | तोके बमोजिम | १ | ५ वर्ष |
| ८. | बर्सादी | तोके बमोजिम | १ | ३ वर्ष |
| ९. | मोजा | तोके बमोजिम | १ जोर | १ वर्ष |
| १०. | स्वीटर | तोके बमोजिम | १ | ३ वर्ष |
| ११. | ज्याकेट | तोके बमोजिम | १ | ३ वर्ष |

आज्ञाले,

मान बा वन .(महेन्द्र)

प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी गाउँपालिका